# मैले कहिले परीक्षण गराउनुपर्छ ? निकट सम्पर्कमा आएका व्यक्ति

## ट्रान्स्क्रिप्ट

[उत्साहजनक सङ्गीत]

[वर्णन]

तपाईंले कहिले कोभिड-19 को परीक्षण गराउनुपर्ने हो ?

तपाईं शुक्रबार राति खाना खान र खेल खेल्न साथीको घरमा जानुहुन्छ । तपाईं एक जना साथीको छेउमा बस्नुहुन्छ जसलाई कोभिड-19 सङ्क्रमण भएको छ तर उसलाई अझै थाहा छैन । तपाईंले आइतबार दिउँसो तपाईंको साथीको कोभिड-19 को परीक्षणको नतिजा भर्खरै पोजिटिभ आएको थाहा पाउनुहुन्छ ।

COVID-19 सङ्क्रमित कुनै व्यक्तिसँग नजिकको सम्पर्कमा आएको पूरै पाँच दिन भएपछि परीक्षण गराउनुहोस् । यस अवस्थामा, तपाईं शुक्रबार सङ्क्रमित व्यक्तिको निकट सम्पर्कमा आउनुभएको थियो, त्यसैले बिहिबार परीक्षण गराउनुपर्छ ।

यदि तपाईं कोभिड-19 भएको कसैसँग नजिकको सम्पर्क आउनुभएको छ भने, अरूको वरिपरि कति समयसम्म मास्क लगाउने र थप जानकारीका लागि MDH निकट सम्पर्क वा कोभिड-19 मा एक्स्पोजर वेबपेजमा जानुहोस्: https://www.health.state.mn.us/diseases/coronavirus/close.html ।

यदि तपाईंलाई बिसञ्चो हुन थाल्यो भने, तुरुन्तै परीक्षण गराउनुहोस् ।

तपाईंले अरू कहिले-कहिले परीक्षण गराउनुपर्ने र कहाँ परीक्षण गराउने भन्ने बारे थप जानकारीका लागि, MDH को कोभिड-19 परीक्षण वेबपेजमा जानुहोस्:
https://www.health.state.mn.us/diseases/coronavirus/testsites/index.html ।

[उत्साहजनक सङ्गीत]

Minnesota Department of Health
Communications Office
PO Box 64975
St. Paul, MN 55164-0975
651-201-4989
health.communications@state.mn.us
www.health.state.mn.us

12/9/22 (Nepali)

*यो जानकारी फरक ढाँचामा प्राप्त गर्न, कल गर्नुहोस्: 651-201-4989*